# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | FEBRUARY 2023 | No. 02


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

### हितोपदेश ३:२६-३५

२६. किनभने परमप्रभु नै तेरो साहस हुनुहुनेछ र उहाँले तेरो खुट्टालाई पासोमा पर्नदेखि जोगाउनुहुनेछ ।

२७. जो-जसलाई भलाइ गर्नुपर्छ, तेरा हातमा भइञ्जेल त्यो नरोक्

२८. जब कि तँसँग त्यो अहिले नै छ, आफ्नो छिमेकीलाई "पछि आऊ, भोलिपर्सि दिऊँला" नभन् ।

२९. आफ्नो छिमेकीको विरुद्धमा षड्यन्त्र नरच् । जो तेरो नजिक भरोसा राखेर बस्दछ ।

३०. बिनाकारण कुनै मानिसलाई दोष नलगा, जसले तेरो कुनै खराबी गरेको छैन ।

३१. हिंसात्मक मानिसको ईर्ष्या नगर् र त्यसको कुनै पनि मार्गलाई नचून् ।

३२. किनकि परमप्रभु कुटिल मानिसलाई घृणा गर्नुहुन्छ तर सोझाहरूलाई आफ्नो विश्वासमा राख्नुहुन्छ ।

३३. दुष्टहरूको घरमा परमप्रभुको सराप पर्छ तर धर्मीको घरलाई उहाँले आशिष् दिनुहुन्छ ।

३४. अभिमानी गिल्ला गर्नेहरूलाई उहाँले गिल्लामा उडाउनुहुन्छ तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ ।

३५. बुद्धिमानले इज्जत प्राप्त गर्दछ तर मूर्खहरूलाई उहाँले लज्जित तुल्याउनुहुनेछ ।

# महान् रहस्य THE GREAT MYSTERY!

**(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)**

**"यो एउटा गम्भीर रहस्य हो अनि यो कुरा म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु" (एफिसी ५:३२) ।**

परमेश्वरको मण्डली पृथ्वीमा स्वर्गको अधिकार अभ्यास गर्ने आधार हो । मण्डली सन्तहरूको संगति हो । प्रेरितहरूको पुस्तकको पहिलो दश अध्यायअनुसार, येशू ख्रीष्टसँग भएका र उहाँसँगै जिएका र उहाँको प्रेम चाखेका मानिसहरूलाई "चेलाहरू" भन्ने नाम दिइएको थियो । सुरुका चेलाहरूलाई "ख्रीष्टियान" (प्रेरित ११:२६) भनिएको थियो । बाँकी मानिसहरूले तिनीहरूसँग जोडिने साहस गरेका थिएनन् (प्रेरित ५:१३) ।

विश्वासयोग्य ख्रीष्टियानहरूले झुटो बोल्दैनन्, अरूलाई छल गर्दैनन् र बेइमानी हुँदैनन् । तिनीहरू परमप्रभुको भयमा हिँड्छन् । केही मानिसहरूले तपाईंलाई धोका दिए भने तिनीहरू परमेश्वरका सन्तान होइनन् भन्ने त्यसको अर्थ हो । तपाईंले परमेश्वरका सन्तानसँग खुल्ला मनले कुराकानी गर्न सक्नुहुन्छ । येशू ख्रीष्टको नमुना पछ्याउने र उहाँका पाइला पछ्याउने मानिसहरू परमेश्वरका सन्तान हुन् । येशू ख्रीष्टलाई पछ्याउने मानिसहरूले सबै परिस्थितिमा उहाँलाई प्रतिबिम्बित गर्छन्, परिस्थितिबाट प्रभावित हुँदा पनि तिनीहरूले येशू


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

**तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।**

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी**
हरेक दिन: बिहान ४ बजे

**तामिल र तेलगू**
सोमबारदेखि शनिवारसम्म: बिहान ५ बजे
तामिल आइतवार सेवा: बिहान ८:३० बजे

**बोलावटको प्रतिध्वनि** सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**“...मैले तिम्रा सामुन्ने ढोका खुल्ला राखिदिएको छु, जो कसैले थुन्न सक्दैन...” (प्रकाश ३:८) ।**

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं । हाम्रो **बोलावटको प्रतिध्वनि पत्रिकाद्वारा** र हाम्रो यूट्यूब च्यानलद्वारा प्रशारण भएको सन्देशहरूबाट सुसमाचार फैलाउने हाम्रो प्रयासका कारण हामीले प्राप्त गरेका आशिष्हरूका निम्ति हामी परमेश्वरलाई धन्यवाद दिन्छौं । परमेश्वरका प्रिय छोराछोरी पास्टर एलेक्स सामसन साम, पास्टर चिन्नाइह, भाइ र बहिनी धानम चिन्नाइह, मेरी मग्दलिनी, एन् प्रकाशाम, क्रिष्टिना जाबा कुमारी चिन्नाइह, बी. शरण, पास्टर विद्याधर, अब्राहाम, शलोमी अब्राहाम, गिथा गुरुसामी, डेजी रानी, सोलोमन रोबर्ट, जोशुवा रोबर्ट, एडमन्ड थोमम आदि, जो यूट्यूब च्यानल सेवकाइमा मसँग काम गर्नुहुन्छ, उहाँहरूका लागि म परमेश्वरलाई प्रशंशा चढाउँछु ।

पापको भयानक स्वभाव र श्रापमका बन्धनबाट हामीले कम्तीमा पनि केही मानिसहरूलाई छुटकारा दिलाउने प्रयास गरेका छौं । हामीलाई तपाईंको प्रार्थनाको सहायता अत्यन्तै आवश्यक परेको छ । सेवकाइको मार्ग अत्यन्तै कठिन छ । दियाबलसलाई विरोध गर्ने हाम्रो क्षमतालाई ह्रास गराउन हाम्रो विरुद्धमा त्यसले मेहेनेत गरिरहेको छ । हामीसँग हाम्रो प्रिय प्रभु मात्रै हुनुहुन्छ, जसले हामीलाई शरण दिनुहुन्छ र हामीलाई बचाउनुहुन्छ । हामीलाई पनि तपाईंको कठिनाइहरू र समस्याहरू थाहा छ र तपाईंको लागि प्रार्थना गरिरहेका छौं ।

परमेश्वरको चाहना भयो भने हाम्रो **नहेम्याह बाइबल कलेजको** दीक्षान्त समारोह जून २०२३ मा आयोजना हुनेछ । अर्को शैक्षिक सत्र २०२३-२३ को निम्ति हामीलाई परमेश्वरको सेवकाइको निम्ति बोलावट भएका विद्यार्थीहरूको आवश्यकता रहेको छ । कृपया यसको निम्ति प्रार्थना गरिदिनुहोला । कृपया हामीलाई त्यस्ता विद्यार्थीहरूसँग परिचय गराइदिनुहोला । बिना कुनै फाइदा, हामीले सुसमाचारको फैलावटको निम्ति मेहेनेतसाथ काम गरिरहेका छौं । हाम्रो तामिल र हिन्दी बाइबल कलेजहरू र हाम्रा सबै बहुसंख्यक सेवकाइहरूका निम्ति बोझका साथ प्रार्थना गरिदिनुहोला ।

हामी तपाईंको निम्ति प्रार्थना गर्छौं । परमेश्वरको अनुग्रह तपाईंमाथि रहून् । आमेन ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : samselvaraj333@gmail.com

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

CHIEF EDITOR
Angeline Selvakumari Henry, M.A., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manager
EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Rev. Dr. K.R. Rajasekaran
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858
CORE LEADERS
Bro. K. Puratchivendan
Bro. A. Edward Durai
Bro. A. Alvin
Bro. K. Abraham
Sis. Dhanalakshmi Chinnaiah
E.mail ID
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

ख्रीष्टलाई इन्कार गर्नेछैनन् नता आफ्नो फाइदाको निम्ति परमेश्वरको सेवकाइलाई दुरुपयोग गर्छन् ।

परमेश्वरको मण्डलीको बीचमा भएको सम्बन्ध यो संसारमा भएको सबैभन्दा रहस्यमय कुरामध्ये एउटा हो, जुनचाहिँ परमेश्वर र परमेश्वरका सन्तानको संगति हो । प्रभु येशू ख्रीष्टले मण्डलीद्वारा आफ्ना विश्वासीहरूमाथि स्वर्गबाट यो रहस्य खन्याइरहनुभएको छ । परमेश्वरबाट जन्मेका मानिसहरू परमेश्वरका सन्तान हुन् । मानिसहरू गरिब वा धनी परिस्थितिबाट आएका हुन सक्छन् वा आँसुका उपत्यकाबाट भएर गुज्रिएका मानिसहरू हुन सक्छन् । तिनीहरू त्यस्ता मानिसहरू पनि हुन सक्छन्, जसले आफ्नो जीवन गुमाएका छन् वा अरूले तिनीहरूलाई त्यागिदिएका छन् वा कुनै पनि अवस्थामा उपयोगी छैनन् भन्ने कुरा पनि सम्भव छ । तर येशू ख्रीष्टमाथि विश्वास गर्नेहरू येशू ख्रीष्टबाट जन्मेका हुन्छन् (यूहन्ना १:१३) ।

यो संसारमा विजयी जीवन जिउन मानिसको निम्ति आवश्यक भएको सम्पूर्ण सत्यता मण्डली र येशू ख्रीष्ट बीचमा भएको गोप्य सम्बन्धमा लुकिएका छन् । तर यसलाई बेवास्ता गर्दै मानिसहरूले आफ्नो जीवनमा आनन्द र शान्तिमा अघि बढ्न खोज्ने अन्य मार्गहरू खोज्ने प्रयास गरिरहेका छन् । बाइबलमा धेरै रहस्यमय

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Media Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

कुराहरू पाइए पनि जब हामीले येशू ख्रीष्ट र मण्डली बीचको ठूलो रहस्यको सम्बन्धलाई प्रयोगमा ल्याउँछौं, हाम्रो जीवनमा परिवर्तन हुन्छ र हामी उठाइन्छौं ।

संसारको मुक्तिदाता येशू ख्रीष्ट र उहाँको मण्डलीको बारेमा भएको तथ्य यही हो कि समय वा संकृति वा परिस्थितिहरू र नयाँ प्रविधिहरूद्वारा यो परिवर्तन हुन सक्दैन । गलत जानकारी वा येशू ख्रीष्टको बारेमा स्पष्ट ज्ञानबिना नै केही मानिसहरूले ख्रीष्टियान विश्वास व्यर्थको हो वा ख्रीष्टियान विश्वास अंगाल्नुहुन्न भनेर सोच्छन् । तर यो विचार पूर्णरूपमा गलत छ । येशू ख्रीष्टलाई विश्वासयोग्य रूपमा पछ्याएको कारण के कोही त्यागिएको छ ? के कोही गरिब भएको थियो ? के कुनै पनि तरिकामा कसैले अरूलाई समस्या दिएको थियो ? कसैले पनि यी प्रश्नहरूको जवाफ हो भनेर दिन सक्दैन । "म जवान थिएँ, अब म वृद्ध भएको छु तर धर्मी जनहरूले त्यागिएका वा तिनका सन्तानले मागेर खानुपरेको मैले कहिल्यै देखेको छैनँ" (भजनसंग्रह ३७:२५) । येशू ख्रीष्टलाई पछ्याउने जोकोहीले पनि कहिल्यै पनि खानेकुराको लागि भौतारिनुपर्दैन ।

येशू ख्रीष्टको जन्म र नयाँ वर्ष ख्रीष्टियानहरूले मात्रै मनाउँदैनन् तर सबै देशका मानिसहरू र सबै धर्मका मानिसहरूले पनि मनाउँछन् । जनवरीको पहिलो दिनमा मन्दिरहरू र सबै धर्मका आराधना गर्ने स्थानहरूमा विशेष समारोहहरू र आराधना संचालन गरिन्छन्, किन ? सत्यता सधैं सत्यता नै हुन्छ । लामो समयदेखि कसैले पनि सत्यलाई इन्कार वा लुकाउन सक्दैन । येशू ख्रीष्टको जन्मले संसारको इतिहासलाई ईशा पूर्व र ख्रीष्टाब्दीमा विभाजन गरेको छ । किनभने संसार नष्ट भइरहेको थियो, यो पृथ्वी सृष्टि गर्नुहुने परमप्रभुले मानिसको चोला लिनुभयो, येशू ख्रीष्ट र आफ्नो जन्म, मृत्यु र पुनरुत्थानद्वारा (रोमी ५:८) हाम्रो निम्ति उहाँको महान् प्रेम प्रकट गर्नुभयो । जब मरेका मानिसहरूको शरीर गाडिएका सम्पूर्ण चिहानहरू अझै पनि बन्द छ, येशू ख्रीष्टको चिहान मात्रै अझै पनि खुल्ला छ, किन ? उहाँ प्रभु र मुक्तिदाता हुनुहुन्छ, जसले मृत्युलाई जित्नुभयो र मृतकबाट बौरिउठ्नुभयो । येशू ख्रीष्टको मण्डलीलाई कसैले घृणा गर्न सक्छ र मण्डलीलाई सताउने कोसिस गर्न सक्छ । तर परमेश्वरको मण्डली मानिसको अधीनमा छैन । यो परमेश्वरको नियन्त्रणको अधीनमा प्रत्यक्ष रूपमा संचालन हुन्छ ।

संसारको सुरुवातदेखि नै परमेश्वरका सन्तानको यो संगगतिले भयानक सतावट र विरोधको अनुभव गरेको थियो । तर कसैले पनि परमेश्वरको मण्डलीको बिस्तारलाई नियन्त्रण गर्न सक्दैन । इतिहासमा, हामीले देशहरू र अधिकारीहरूका बारेमा पढ्छौं, जसले परमेश्वरका मण्डलीहरूलाई नियन्त्रण गर्ने कोसिस गरेका थिए, तिनीहरू चिनिनै नसकिने गरि ढलेका थिए । त्यसकारण, हामीले धेरै बुद्धिको साथमा सुसमाचार घोषणा गर्नुपर्छ । जब परमेश्वरको महिमाको बारेमा थाहा नभएको व्यक्ति परमेश्वरको ज्ञानमा आउँछ, तिनीहरूले शान्ति प्राप्त गर्नेछन् । आज पनि संसारका विभिन्न भागहरूमा मण्डलीमा धेरै मानिसहरूलाई स्वागत गरिन्छन् । हरेक दिन अनगिन्ती मण्डलीहरू पनि स्थापना गरिन्छ ।

## १. म मेरो मण्डली स्थापित गर्नेछु

जब येशू ख्रीष्ट कैसरिया फिलिप्पीको क्षेत्रमा आउनुभयो, उहाँले आफ्नो चेलाहरूलाई सोध्नुभयो, "मानिसहरूले मानिसको पुत्रलाई को हो भनी भन्छन् ?" त्यसैले तिनीहरूले भने, "कोहीले बप्तिस्मा दिने यूहन्ना, केहीले एलिया र अन्यले यर्मिया वा अगमवक्ताहरूमध्ये एक ।"

उहाँले तिनीहरूलाई भन्नुभयो, "तर तिमीहरू के भन्छौ, म को हुँ ?" अनि सिमोन पत्रुसले जवाफ दिए र भने, "तपाईं येशू ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र ।" येशूले जवाफ दिनुभयो र उहाँले तिनलाई भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो । म तिमीलाई भन्दछु कि तिमी पत्रुस हौ । म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्" (मत्ती १६:१७-१८) ।

यहाँ हाम्रो प्रभुले सिमोनलाई सोधिरहनुभएको छ, उहाँको बारेमा अन्य मानिसहरूले के भनिरहेका थिए । मानिसहरूले उहाँको बारेमा के भनिरहेका थिए भनेर जान्ने यस्तो विचार येशू ख्रीष्टमा थियो । यसैबाट हामीले बुझ्नुपर्छ कि हरेक आत्मिक अगुवाले थाहा पाउनुपर्छ कि अरूले उसको बारेमा के कुरा गर्दछ । कसैले पनि यस्तो भन्नुहुँदैन, "मेरो बारेमा अरूले के कुरा गरिरहेका छन् भनेर म मतलब गर्दिनँ, म आफ्नो विवेकअनुसार काम गरिरहेको छु ।" जब येशू ख्रीष्टले पत्रुसलाई उहाँको बारेमा हरूले के भनिरहेका थिए भनेर सोध्नुभयो, सिमोनले जवाफ दिए, "तपाईं येशू ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र ।" यहाँ पत्रुसले प्राप्त गरेको प्रकाशद्वारा बोलिरहेका छन् । येशू ख्रीष्ट भन्नुहुन्छ, शरीर र रगतले यो कुरा तिनलाई प्रकट गरेको थिएन तर स्वर्गमा हुनुहुने पिताले गर्नुभएको हो । आज मानिसहरूले ख्रीष्टियानहरूलाई मूर्ख, बेवास्ता गर्ने मानिस, बुद्धिहीन मानिस, ख्रीष्टियान धर्म फैलाउने र मानिस परिवर्तन गर्ने मानिसहरू भनेर विचार गर्छन् । कुनै मानिसले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गर्छ भने त्यसको अर्थ शरीर रगतले यो कुरा उसलाई प्रकट गरेको थिएन तर स्वर्गीय पिताले हो ।

हाम्रो मुक्तिदाताको रूपमा येशू ख्रीष्टलाई ग्रहण गर्ने हामी सबै जनाले प्रभुबाट प्रकाश प्राप्त गरेका छौं । आफ्नो जीवनमा प्रकाश पाएकाहरूका विगतका जीवनको बारेमा विचार नगरिकनै स्वर्गमा हुनुहुने प्रभुका हुन् ।

प्रभु तपाईंसँग बोल्नुभएन वा तपाईंले प्रभुको सोर सुन्नुभएन वा प्रभुसँग तपाईंको सम्बन्ध छैन भनेर तपाईंले भन्न सक्नुहुन्न । किनभने प्रभुले सिमोन पत्रुसलाई भन्नुभयो, "...किनकि शरीर र रगतले यो कुरा तिमीलाई प्रकट गरेको होइन तर स्वर्गमा हुनुहुने मेरो पिताले हो ।" त्यसकारण, तपाईंले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गर्नुपर्छ । येशू ख्रीष्ट साँचो परमेश्वर, प्रभुहरूका महाप्रभु र यो संसारमा सबैभन्दा उच्च हुनुहुन्छ । यो ईश्वरीय प्रकाश हो । कसैले पनि प्रभुको प्रकाश नपाईकन अरूको प्रयास वा बाध्य पापरेर येशू ख्रीष्टलाई ग्रहण गर्न सक्दैन । त्यसकारण, स्वर्गको प्रकाश प्राप्त गरेकाहरू यो संसारबाट अलग भएको जीवन जिउनुपर्छ र अलग प्रकारको जीवन ।

मानिसहरू आफ्नो जीवनमा विभिन्न तरिकामा प्रगति गर्ने कोसिस गर्छन् तर बाइबलले

परमेश्वरका छोराछोरीलाई मात्रै सिकाउँछ अथवा उहाँको प्रकाश पाउनेहरू जीवनमा समृद्ध हुनेछन्, यदि उहाँले सिकाउनुभएका कुराहरूअनुसार थोकहरू पूरा भएमा, जुन अलिक अनौठो छ ।

## २. मेरो मण्डली

यो संसारमा जोकोहीले पनि कुनै पनि काम गर्न सक्छ । तर मण्डलीको कामलाई निर्माण गर्ने काम परमप्रभुको हातमा रहेको छ । मत्ती १६:१८ मा येशू ख्रीष्टले भन्नुहुन्छ, “म मेरो मण्डली स्थापित गर्नेछु ।” पत्रुस वा पावलले मण्डली स्थापना गर्न लागेको छ भनेर उहाँले भन्नुभएको थिएन । नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन् ।

परमेश्वरका छोराछोरीहरूको भेला नै परमेश्वरको मण्डली हो । यो स्पष्ट रूपमा भवन होइन । जब मैले भन्दछु कि यो मण्डलीमा सेवा हुनेछ, त्यसको अर्थ भवन होइन । यसले स्थानलाई जनाउँछ, जहाँ परमेश्वरका छोराछोरी भेला हुन्छन् । परमेश्वर आफैंले परमेश्वरको मण्डली निर्माण गर्नुहुनेछ । मण्डलीमा भेला हुने हामी सबै जना परमेश्वरको मण्डली हौं ।

परमप्रभुले तपाईंलाई परमेश्वरका मानिसको रूपमा निर्माण गर्नुहुनेछ । नरकका ढोकाहरू तपाईंमाथि विजयी हुन सक्नेछैन भनेर परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ । जब हामीले यो कुरालाई स्वीकार गर्छौं, तपाईंले आफ्नो जीवनमा मण्डलीलाई महत्व दिनुपर्छ । उहाँले हामीलाई निर्माण गर्नुहुनेछ र हामीलाई समृद्ध बनाउनुहुन्छ भनेर परमप्रभुले भन्नुहुन्छ । नरकका ढोकाहरू हामीमाथि विजयी हुन सक्नेछैन । परमप्रभुले यी ग्यारेन्टीहरू आफ्नो हातमा राख्नुहुन्छ । परमप्रभुले तपाईंका कठिनाइहरू र कष्टहरूमाथि हेर्नुहुनेछ र तपाईंलाई निर्माण गर्नुहुनेछ, जो उहाँको मण्डली हो । दुष्टबाट आउने रोगहरू, समस्या, ऋण, गरिबी तपाईंको विरुद्धमा विजयी हुनेछैन किनभने तपाई उहाँको मण्डली हुनुहुन्छ । शरीर र रगतले उहाँ परमेश्वर हुनुहुन्छ भनेर तपाईंलाई प्रकट गरेको थिएन तर स्वर्गले त्यो प्रकट गरेको थियो । परमेश्वरको मण्डलीहरूमा भेला हुने सबै जनालाई कहिल्यै पनि त्यागिनेछैन ।

परमेश्वरले तिनीहरूलाई त्यस्ता मानिसहरूसँग तुलना गर्नुहुन्छ, जसले आफ्नो घरहरू चट्टानमा बनाउँछन् । एक जना मानिसले आफ्नो घर बालुवामा बनायो । हुरी आयो । भारी वर्षा भयो । पानी बढ्यो र घर नष्ट हुनेछ । तर अर्को मानिसले आफ्नो घर चट्टानमा बनायो । त्यहाँ पनि हावाहुरी आयो । भारी वर्षा भयो र पानी बगिरह्यो । घर स्थिर भएर खडा भयो । कठिनाइ वा हार, उसलाई जेसुकै भए पनि ऊ स्थिर भएर खडा हुनेछ । उहाँले तपाईंलाई निर्माण गर्नुहुनेछ किनभने तपाई उहाँको मण्डली हुनुहुन्छ । नरकका ढोकाहरू तपाईंको विरुद्धमा विजयी हुन सक्नेछैन । परमप्रभुले भन्नुहुन्छ, उहाँले तपाईंलाई त्यस्तो मानिससँग तुलना गर्नुहुनेछ, जसले आफ्नो घर चट्टानमा बनायो ।

जब हामी परमेश्वरको मण्डलीमा हुन्छौं, तब मात्रै हामी विजयी हुन्छौं । त्यसैकारण बाइबलले भन्दछ, हामी आपसमा भेला हुन नछोड्नुहुँदैन (हिब्रू १०:२५) । धेरै जनाको निम्ति परमेश्वरको मण्डलीमा आउनु कठिन कुरा हो- मण्डली टाढा छ, तिनीहरू थाकेका छन्, यातायातको सुविधा नभएको, आदि । त्यसैले, यी मानिसहरूले परमेश्वरको मण्डली जाने, आराधना गर्ने र परमेश्वरको आशिष् प्राप्त गर्ने कुराको मौका गुमाएका छन् । यो रहस्य महान् छ, त्यो रहस्यचाहिँ येशू ख्रीष्ट र परमेश्वरको मण्डलीको बीचमा भएको सम्बन्धको रहस्य हो । तपाई मण्डलीमा हुनुहुन्छ भने संसारमा भएका केही कुराले पनि तपाईंमाथि विजयी हुन सक्नेछैन । तपाई विजयी हुनुहुनेछ ।

परमेश्वरको मण्डलीका सदस्यहरू- उहाँको मण्डलीमा सहभागी हुने ती सन्तहरू- आफ्नो मुक्तिदाताको रूपमा येशू ख्रीष्टलाई ग्रहण गरेकाहरू उच्च घरानाका मानिसहरू हुन् । त्यसलाई नष्ट गर्ने शक्ति पृथ्वीमा भएको कुनै पनि शक्तिमा छैन । तपाईंको जीवनमा भएका सबै पराजयहरू तपाईंको निम्ति विजय बन्नेछन् । पृथ्वीमा स्वर्गको अधिकार अभ्यास गर्नको निम्ति आधार यो मण्डली हो । यी मण्डलीहरूद्वारा मात्रै परमेश्वरले देशहरूलाई आशिष् दिनुहुन्छ ।

हामीले यो तथ्यको बारेमा मानिसहरूलाई बताउँछौं भने यो कुरा बुझ्न तिनीहरूलाई कठिन भएको पाउँछन् । ख्रीष्टियान विश्वासलाई पछ्याउने मानिसहरू कम अवसर पाएका र कठिनाइमा परेका मानिसहरू हुन्छन् । तपाईंले सोध्न सक्नुहुन्छ, “के यी मानिसहरूलाई परमेश्वरले छान्नुभएको हो ?” जवाफचाहिँ “हो”

*....Contd. to page 6*


नहेम्याह बाइबल
आवासीय कलेज, चेन्नाइ

ECHO OF HIS CALL
REACHING NATIONS

माध्यमः हिन्दी

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ECHO OF HIS CALL Estd.: 1969

*ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार*

विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

ईश्वरशास्त्रमा प्रमाणपत्रः एक वर्ष
ईश्वरशास्त्रमा डिप्लोमाः दुई वर्ष

योग्यताः दश कक्षा र सोभन्दा माथि  भर्नाको लागि छिटो गर्नुहोस् ।

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

फेब्रुअरी १९: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र परिवारलाई सबै दुष्ट शक्तिबाट बचाइरहनुभएको निम्ति ।

फेब्रुअरी २०: हाम्रा मण्डलीका सबै क्रियाकलापहरूमा उत्साहको साथमा सहभागी भएका युवाहरूमा आशिष्को निम्ति ।

फेब्रुअरी २१: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँको परिवारहरूमाथि उहाँको कृपाको निम्ति ।

फेब्रुअरी २२: हाम्रो **बोलावटको प्रतिध्वनि** यूट्यूब च्यानलको पूर्ण प्रशारणमा हामलिाई सहायता गर्ने अचम्मका मिडियाको समूहको निम्ति ।

फेब्रुअरी २३: हाम्रो यूट्यूब प्रशारणको निम्ति विशेष क्यामेराको साथमा हामीलाई आशिषित गर्नुभएको निम्ति ।

फेब्रुअरी २४: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार प्रचारको फैलावटमा हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति ।

फेब्रुअरी २५: असल स्वास्थ्य र ईश्वरीय सुरक्षाको साथमा हाम्रो **बोलावटको प्रतिध्वनिका** कर्मचारी र उहाँका परिवारहरूमा आशिष्को निम्ति ।

फेब्रुअरी २६: हाम्रा साझेदारहरूको नैतिक र आर्थिक सहायताबाट हामीलाई आशिषित बनाउनुभएको निम्ति ।

फेब्रुअरी २७: सुसमाचार नपुगेका बहुभाषिक मानिसहरूसम्म सुसमाचार पुऱ्याउन हाम्रो **मिडिया सेवकाइ** र **बोलावटको प्रतिध्वनि** यूट्यूब च्यानलमाथि आशिष्को निम्ति ।

फेब्रुअरी २८: हाम्रो २०२३ क्यालेन्डर र प्रतिज्ञा कार्ड छाप्न र वितरण गर्ने काम पूरा गर्न हामीलाई अनुग्रह गर्नुभएको निम्ति ।

मार्च १: अझ व्यवस्थित तरिकामा काम गर्न हाम्रो मण्डलीको सेवकाइलाई आशिष् दिनुभएको निम्ति ।

मार्च २: हाम्रा आवासीय **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूका निम्ति संगीत कक्षाहरू प्रदान गर्नुभएको निम्ति ।

मार्च ३: हाम्रो आवासीय **नहेम्याह बाइबल कलेज** र **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** हाम्रो विशेष ख्रीष्टमस कार्यक्रममा आशिष् दिनुभएको निम्ति ।

### कृपया प्रार्थना गरौं...

मार्च ४: शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजको** निम्ति योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

मार्च ५: शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** निम्ति नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

मार्च ६: सबै प्रकारका दुष्ट शक्तिहरूबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूको सुरक्षाको निम्ति ।

मार्च ७: कोभिडको नयाँ भेरियन्टबाट संसारका देशहरूमाथि ईश्वरीय सुरक्षाको निम्ति ।

मार्च ८: छापाखानाका अपरेटरहरू, सवारी साधनका चालकहरूल र कम्प्यूटर अपरेटरहरूजस्ता हाम्रा प्राविधिक कर्मचारीहरूका निम्ति ।

मार्च ९: देशहरूका बालबालिका र युवाहरूले येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गरून् ।

मार्च १०: ख्रीष्टियान प्रचारकहरूले बिना प्रदूषण सिद्धरूपमा सुसमाचार प्रचार गरून् ।

मार्च ११: कैदमा सेवकाइ गरिरहेका परमेश्वरका सेवकहरूका निम्ति ।

मार्च १२: अनलाइन गेमहरूको कूलतबाट संसारका बालबालिका र युवाहरूको सुरक्षाको निम्ति ।

मार्च १३: हाम्रो **Echo of His Call यूट्यूब च्यानलमा** अतिरिक्त भाषाहरूमा पास्टर एस. साम सेल्भाराजको सन्देश प्रशारण गर्नको निम्ति ।

मार्च १४: शिक्षण र अनुवाद सेवकाइमा संलग्न भएका हाम्रा सहकर्मीहरूका निम्ति ।

मार्च १५: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

मार्च १६: हाम्रो सिनियर पास्टरले आफ्नो जीवन लेख्नमा सफलता प्राप्त गर्नको निम्ति ।

मार्च १७: इस्राएलमा शान्तिको निम्ति ।

मार्च १८: वृद्धाश्रममा भएका वृद्ध मानिसहरूका निम्ति ।

....Contd. from page 4

भन्ने हो किनभने सत्यता यही नै हो । प्रभु येशू ख्रीष्टलाई पछ्याउने मानिसहरू यस संसारका होइनन् । स्वर्गले तिनीहरूको सुरक्षा गर्दछ ।

## ३. मण्डलीमा जरा गाडिएका मानिसहरू मौलाउँछन्

**“तिनीहरू परमप्रभुको भवनमा रोपिएका हुन्छन्, हाम्रा परमेश्वरका चोकहरूमा तिनीहरू मौलाउँछन्”** (भजनसंग्रह ९२:१३) ।

हामीले कृत्रिम बिरुवा हटाउन सक्छौं र त्यसलाई फेरि रोप्न सक्छौं । त्यसलाई पानी दिने कुनै आवश्यकता हुँदैन । परमप्रभुको घरमा रोपिएका मानिसहरू कृत्रिम बिरुवाझैं अस्थायी रूपमा रोपिएका हुँदैनन् । प्राकृतिक बिरुवा माटोमा रोपिन्छ र त्यसमा पानी हालिन्छ । बिरुवाजस्तै जीवन भएका मानिसहरूले फल दिन्छन् र परमेश्वरको मण्डलीमा मौलाउँछन् । यो बिरुवाजस्तै भएका मानिसहरूको जीवनले मात्रै तिनीहरूका जीवनमा वास्तवमा समृद्ध हुन्छन् ।

परमेश्वरको मण्डलीमा जरा गाडिएका, पानी हालिएका र मल हालिएकाहरू परमेश्वरको मण्डलीमा रोपिएका, मण्डलीमा समृद्ध भएका र फल दिएका हुनेछन् ।

साँचो समर्पणताको साथमा मण्डलीको सेवा गर्ने, फलहरू दिएर पास्टरलाई सहायता गरिरहने सबै जना मौलाउनेछन् । आज धेरै मानिसहरूमा यस्तो चाहना छैन । जब केही मानिसहरूले मण्डलीमा बप्तिस्मा लिन्छन्, तिनीहरू बचाइएका छन् भन्ने निष्कर्षमा आउँछन्, तिनीहरूले मण्डलीलाई त्याग्छन् र आफ्नै संस्था स्थापित गर्छन् र प्रभुले स्वीकार नगर्नुहुने सबै प्रकारका क्रियाकलापहरू गर्छन् र सबै प्रकारका कठिनाइहरूमा पर्छन् । अन्त्यमा, तिनीहरू आफ्नो सबै कुराबाट भाग्ने अवस्थामा आउँछन् । जब तपाईंले विश्वासयोग्यपूर्वक दर्शनलाई अभ्यास गर्नुहुन्छ, काम गर्नुहुन्छ र परमेश्वरको मण्डलीमा उहाँद्वारा दिइएको जिम्मेवारी पूरा गर्नुहुन्छ, तपाईं मौलाउनुहुनेछ । केही मानिसहरूले सोध्न सक्छन्, “यदि म मण्डलीमा जान्छु भने के सबै थोक ठीक हुनेछ ?” हो, हरेक थोक ठीक हुनेछ । जब यो कुरा सामान्य मानिसलाई बताइन्छ, तिनीहरूले बुझ्न सक्दैनन् । जब म जवान थिएँ, मैले मेरो वृद्धि पास्टरको चप्पल सफा गर्थें र उहाँलाई सहायता गर्थें । त्यो मेरो सेवकाइ थियो । यो सानो सेवाको कारणले गर्दा परमप्रभुले यी महिमित सेवकाइहरू मकहाँ ल्याउनुभयो । के तपाईं मण्डलीमा जरा गाडिनुभएको छ वा के तपाईं त्यहाँ राखिनुभएको छ ? आज धेरै मानिसहरू स्थिर रूपमा जरा गाडिएका विश्वासीहरू छैनन् तर केवल पाहुनाहरू बनेका छन् । जमीनमा राम्ररी जरा गाडिएको बिरुवाले फलहरू दिन्छ । धेरै जीवनहरू फलविहीन छन् । हामी विश्वासीहरू हौं भनेर हामीले बताउँछौं र हामी विजयी छैनौं । तपाईं जति धेरै परमेश्वरको मण्डलीमा संलग्न हुनुहुन्छ, त्यति धेरै तपाईं बलियो रूपमा जरा गाडिएको बन्नुहुन्छ र त्यति नै धेरै तपाईंले परमेश्वरको मण्डलीमा फल फलाउनुहुन्छ, त्यति मात्रामा कि परमेश्वरले तपाईंलाई मौलाएको बनाउनुहुनेछ ।

परिचित स्वर्गीय पास्टर जी. सुन्दरमले स्वतन्त्रपूर्वक सेवाको काम गरिरहेकाहरूलाई बताउने गर्नुहुन्थ्यो, “तपाईंले कुनै पनि स्थानमा र तपाईंले चाहेको तरिकामा सेवकाइको काम गर्न सक्नुहुन्छ, तर तपाईंले डोरीको एउटा छेऊ आफ्नो लुगामा र अर्को छेऊ मण्डलीमा कस्नुपर्छ । तपाईंले आफ्नो मण्डलीलाई महत्व दिनुपर्छ । तपाईंले त्यो मण्डलीबाट मात्रै शक्ति प्राप्त गर्न सक्नुहुनेछ । अन्यथा तपाईं आफ्नो आत्मिक जीवनमा अनाथ बन्नुहुनेछ ।” उहाँले यी शब्दहरू चुनौतीको साथमा बताउनुहुन्थ्यो । यो कस्तो ठूलो सत्यता हो ।

तपाईंको निम्ति यो सन्देश लेख्ने लेखक पनि अगुवाको अधीनमा काम गरिरहेको छ र म आशिषित बनेको छु । परमेश्वरले धेरै सहायक पास्टरहरू दिएर ममाथि अनुग्रहपूर्वक आशिष् दिनुभएको छ । म आफ्नो सिनियरहरूप्रति आज्ञाकारी छु । म खुसी छु । तपाईंको अवस्था के छ ?

## ४. प्रभुको दिनको आनन्द

**“तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुसी गरेनौ भने र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुसी नगरी व्यर्थका कुरा गरेनौ भने तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ र**

बाँकी पृष्ठ ८ मा

नहेम्याह बाइबल साँझको कलेज
चेपाउक र सन्थोसापुरम, चेन्नाइ
माध्यमः तामिल
ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार
विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
ईश्वरशास्त्रमा प्रमाणपत्रः एक वर्ष
ईश्वरशास्त्रमा डिप्लोमाः दुई वर्ष
योग्यताः दश कक्षा र सोभन्दा माथि
भर्नाको लागि छिटो गर्नुहोस् ।
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

## हाम्रो मुख्य कार्यालयमा भएका हाम्रा सेवकाइहरूका निम्ति प्रार्थना गरिदिनुहोस्

१. प्रार्थना सभा: : चौबीसै घण्टा
२. **बाइबलकोर** - बाइबल करेस्पोस्डेन्स् कोर्सेस: अङ्ग्रेजी, हिन्दी र तमिल
३. **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका: अङ्ग्रेजी, तामिल, मलायाम, तेलुगू, हिन्दी, कन्नाडा, मराठी, गुजराती, बङ्गाली, उरिया, नेपाली, असामी, पंजाबी, उर्दू, सिन्हाला र अफ्रिकी भाषामा।
४. नहेम्याह बाइबल कलेज (दुई केन्द्रहरू) (साँझ / आवासीय)
५. ईश्वरशास्त्र पत्राचार कोर्स: तामिल र अङ्ग्रेजी
६. महान् आज्ञाका साझेदारहरू (पास्टरहरूको सञ्जाल)
७. तालिम कार्यक्रम
८. क्रुसेडहरू
९. साहित्य वितरण र अनुगमन
१०. सुसमाचार छापाखाना- प्रकाशन
११. सेन्ट पावल मेट्रीकुलेसन विद्यालय- भिलेज अंग्रेजी हाई स्कुल

| | |
|---|---|
| १२. बालसंगति | आइतवार बिहान ८:३० बजे र दिउँसो ४:०० बजे |
| १३. **तमिल सेवा:** | **बिहान ८:०० बजे र १०:०० बजे आइतवार** |
| १४. **हिन्दी सेवा:** | **आइतवार साँझ ४:०० बजे** |
| १५. **तेलगू सेवा:** | **आइतवार साँझ ५:०० बजे** |
| १६. **अङ्ग्रेजी र तमिल सेवा:** | **आइतवार साँझ ६:०० बजे** |
| १७. पास्टरीय परामर्श: | आइतवार बेलुका ७: ३० बजे |
| १८. स्त्रीहरूको प्रार्थना: | बुधवार बेलुका ५:३० बजे |
| १९. मध्य-साता बाइबल अध्ययन: | बुधवार साँझ ६:३० बजे |
| २०. पुरुषको प्रार्थना: | शुक्रवार साँझ ७:०० बजे |
| २१. चेलापन बैठक: | शनिवार साँझ ६:०० बजे |
| २२. घरेलु संगति: | साँझ ६:३० मंगलवार र बिहीवार |
| २३. विशेष पवित्र प्रभुभोज: | प्रत्येक महिनाको पहिलो दिन ५:३० बजे |
| २४. सेवकाइ पुनरावलोकन बैठक: | पहिलो शनिवार साँझ ५:३० बजे |
| २५. अभिभावकको प्रार्थना: | पहिलो आइतवार साँझ ४:०० बजे |
| २६. रात्री प्रार्थना: | दोस्रो शुक्रवार राती ९:३० बजे |
| २७. उपवास प्रार्थना: | तेस्रो शनिवार बिहान ९:३० बजे |
| २८. प्रभुभोज सेवा: | दोस्रो आइतवार सेवा |
| २९. बिहानको आराधना: | प्रत्येक बिहान ५:०० बजे |
| ३०. कर्मचारी आराधना सेवा: | प्रत्येक बिहान ९:०० बजे |
| ३१. कार्यालय समय: | बिहान ९ देखि बेलुकी ९ सम्म (आइतवार बाहेक) |

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | |
|---|---|
| **Account Name** | **: ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | **: 1023 2923 805** |
| **Bank Name** | **: STATE BANK OF INDIA** |
| **Branch** | **: TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | **: SBIN 0000249** |
| **SWIFT Code** | **: SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

## मेरो फिल्ड सेवकाइ

खुल्ला चौरहरूमा साना सुसमाचारीय बैठकहरू र घरहरूमा साना बैठकहरूबाट परमप्रभु परमेश्वरको सुसमाचार फैलाउन उहाँले मलाई असल मित्रहरू दिनुभयो । डि. रिचार्ड थाम्बीराज, विलियम, सेल्भाराज, बिजिली सामराज, पी. चन्द्रशेखर, श्रीमती जी.भी. सेल्भान, आदिले यो सेवकाइमा मलाई सहायता गरिरहनुभएको थियो ।


जब मैले हाम्रो क्षेत्र नजिक भएको नभलार नगर भनिने स्थानमा खुल्ला सुसमाचार प्रचार गरिरहेको थिएँ, प्रभु येशू ख्रीष्टको शक्तिले मानिसहरूलाई छुनुभयो र भूतात्मा लागेका मानिसहरू निको भएका थिए र रोगी मानिसहरू निको भएका थिए । त्यसकारण, प्रभुको अभिषेकले काम गर्न सुरु गरेको थियो ।

त्यो क्षेत्रमा भएका गरिब, धनी, शिक्षित र अशिक्षित मानिसहरूले प्रभु येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गर्नुभयो । धेरै आश्चर्यकर्महरू भएका थिए । मैले मेरो वाद्यवादन एकर्डियन बजाउने, गीत गाउने, बालबालिकाको कार्यक्रम सञ्चालन गर्ने, आदि काम गर्ने गर्थें र त्यसकारण, परमेश्वरले मलाई जीवित प्रभु येशू ख्रीष्टको सेवकको रूपमा मलाई उचाल्नुभयो । मानिसहरूका जीवनमा भएका वास्तविक आश्चर्यकर्महरू र परिवरहरूका कारण तिनीहरूले मलाई आदर गर्न सुरु गरे र मेरा प्रार्थनाका बैठकहरूमा सहभागी हुन थाले । रोमन क्याथोलिक र प्रोटेस्टेन्टजस्ता अन्य मण्डलीहरूका सदस्य भएका कुनै पनि ख्रीष्टियानहरूले मलाई कहिल्यै स्वीकार गरेनन् । परमेश्वरले येशू ख्रीष्टलाई पछ्याउन र उहाँको सेवा गर्न मलाई ताजा विश्वासीहरू दिनुभयो । मैले सुसमाचारीय पर्चाहरू र पुस्तकहरू वितरण गर्न मेरा मित्रहरूलाई तालिम दिएँ, जुन फेथ प्रेयर ट्र्याक्स लिगका रेभ. शमूएल दानिएलले उपलब्ध गराउनुहुन्थ्यो । मैले आफ्ना मित्रहरूलाई गीत गाउन, गवाही दिन, प्रचार गर्न र नयाँ आत्माहरूलाई अनुगमन गर्न पनि तालिम दिएको थिएँ । त्यसकारण, मैले अत्यन्तै व्यस्त जीवन जिउन सुरु गरें र मेरो आफ्नो आत्माको समृद्धि र हरेक तरिकामा, कुनै पनि मूल्यमा, सबै तरिकाबाट संसारका विभिन्न देशहरूमा भएका सुसमाचार नपुगेका मानिसहरूकहाँ सुसमाचार पुऱ्याउन परमेश्वरले मलाई दिनुभएको बोझको निम्ति धेरै प्रार्थना गर्न सुरु गरें । **दुर्बलहरूलाई जितूँ भनेर दुर्बलहरूका निम्ति म दुर्बल बनें । सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बनें** (१ कोरिन्थी ९:२२) ।



*Rev. Samuel Daniel*

सन् १९७३ सालको एक दिन, जब म इ.एल.एस. पुस्तक पसल, माउन्ट रोडमा मेरो साथी पुस्तक पसलाका व्यवस्थापक भाइ जे.आर. जेयाबालानको सहायतामा "मैले सक्ने सबैभन्दा राम्रो" शीर्षक भएको सुसमाचारीय पर्चा वितरण गरिरहेको थिएँ, मैले परमेश्वरका सबैभन्दा असल सेवकहरूमध्ये एक रेभ. डा. अगस्टिन पिटरस्लाई भेटें । व्यस्त सडकमा मेरो टाउकोमा आफ्नो हात राखेर मेरो निम्ति प्रार्थना गरिदिनुभयो र अगमवाणी गर्नुभयो र भन्नुभयो, "यहाँ एउटा केटो छ- सुसमाचारको ठूलो सेवकाइको निम्ति मैले उसलाई छानेको छु । मैले उसलाई बोलाएको छु । म उसलाई असामान्य वरदानहरू, स्वास्थ्य, धन र संसारभरि मानिसहरू दिनेछु । यो मेरो विश्वासयोग्य सेवक र प्रिय छोरो बन्नेछ, जसमाथि म आफ्नो आशिष् खन्याउनेछु ।"



*Rev. Dr. Augustine Peters & Pr. S. Sam Selva Raj*

केही दिनपछि उहाँले मलाई मेरो साथी फोटोग्राफर भाइ सी.एन. राजनमार्फत् बोलाउनुभयो र मलाई सुसमाचारको सेवकको रूपमा अभिषेक गर्नुभयो । सोही सामर्थ्य, दर्शन र स्थिरता अझै पनि मेरो जीवनमा प्रमुख छ भनेर उल्लेख गर्नु उपयुक्त हुन्छ । उहाँद्वारा आएका सम्पूर्ण स्पष्ट वचनहरू पूरा भइरहेका छन् । म यसको निम्ति परमेश्वरलाई धन्यवाद चढाउँछु । ***

---

पृष्ठ ६ बाट

**म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु । परमप्रभुको मुखैले यसो भन्नुभएको छ"** (यशैया ५८:१३,१४) ।

हामी सबै जना उच्च स्थानको चाहना गर्छौं । हामी चाहना गर्छौं र आफ्नो पदमा सुधार भएको चाहन्छौं । हामीले यो कसरी प्राप्त गर्न सक्छौं ? परमप्रभुको दिनमा, त्यो शनिवार हामी परमेश्वरलाई मन नपर्ने परामर्शबाट निस्कनुपर्छ र परमप्रभुलाई प्रसनन पार्ने कामहरू गर्नुपर्छ । आफैंलाई प्रसन्न पार्ने काम नगर्नुहोस् र आफ्नो बारेमा कुराकानी नगर्नुहोस् किनकि त्यो परमप्रभुको आनन्दको दिन हो । त्यो असल दिन हो, आनन्दको दिन, उत्सावको दिन, परमप्रभुको दिन हो र यो दिनलाई आदरणीय भनेर सोच्नुहोस् । यो दिनमा टेलिभिजनमा कुनै पनि कार्यक्रमहरू नहेर्नुहोस्- तर मण्डलीका सेवाहरूलाई महत्व दिनुहोस् र तपाईंको मण्डलीको सेवामा सहभागी हुने तपाईंको जिम्मेवारी हो भनेर सोच्नुहोस् । त्यसपछि, तपाईं प्रभुमा आफैंप्रति आनन्दित हुनुहुनेछ ।

तपाईं अरू दिनमा झैं जिउन सक्नुहुन्छ भन्नेचाहिँ यसको अर्थ होइन ।

शनिवार, बिहानीको आराधनापछि तपाईंले आफ्नो सांसारिक कुराहरूका निम्ति समय दिने योजना गर्ने र काम गर्नुहुन्छ भने तपाईंले आफ्नो जीवनमा साँचो आनन्द लिन सक्नुहुन्न। तपाईंको जीवनमा कुनै पनि उठान हुनेछैन। तपाईंले यो दिन प्रभुको निम्ति समर्पित गर्नुपर्छ । तपाईंले यो दिनमा आफ्ना साथीहरूलाई भेट्न आफैंलाई संसारतिर लैजानुहुन्छ वा आफ्नै कामहरू पूरा गर्नतिर लाग्नुहुन्छ भने तपाईंले आफ्नो जीवनमा प्रगति गर्नुहुनेछैन ।

जब तपाईंले परमप्रभुको दिनलाई आनन्दको दिनको रूपमा विचार गर्नुहुन्छ र परमप्रभुको निम्ति त्यसलाई अलग राख्नुहुन्छ भने तपाईंले आनन्द पाउनुहुनेछ । पृथ्वीमा भएको उच्च स्थानमा तपाईंलाई परमप्रभुले बस्न लगाउनुहुनेछ । तपाईंको जीवनमा आर्थिक समस्या वा स्वास्थ्यको समस्या वा तपाईंको आत्मिक जीवनमा निरासा छ वा तपाईंमा केही कुराको कमी छ, जुन अरूसँग छ भनेर तपाईंले महसुस गर्नुहुन्छ र तपाईंले प्रभुलाई सोध्नुहुन्छ, “किन प्रभु ?” जवाफ यही हो: पवित्र आत्माले तपाईंसँग यो सन्देशद्वारा स्पष्ट रूपमा बोलिरहनुभएको छ। तपाईंले उहाँको दिनलाई आनन्दको दिनको रूपमा विचार गर्नुहुन्छ भने तपाईं आनन्दित हुनुहुनेछ र प्रभुले तपाईंलाई उच्च स्थानमा निरन्तर राख्नुहुनेछ ।

## ५. आर्थिक आशिष्

**“सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर,” सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्षाउँछु वा बर्साउँदिनँ,” सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ** (मलाकी ३:१०) ।

“यदि मैले आफ्नो आम्दानीको भाग दिन्छु भने के मेरो अघि असल समय आउनेछ ?” केही मानिसहरूसँग यो प्रश्न रहेको छ । तपाईंको सबै आम्दानीको दशौं भाग परमेश्वरको हो । तपाईंले परमेश्वरसँग लिनुभएको रकमको दशौं भाग तपाईंले दिनुपर्छ । तपाईंले कमाउनुभएको रकमको दशौं भाग परमेश्वरको हो । परमेश्वरको रहेको तपाईंको रकमको दशौं भाग तपाईंले कहाँ दिनुपर्छ ? तपाईंले आफ्नो दशांश तपाईंको मण्डलीको ढुकुटीमा ल्याउनुपर्छ । तपाईंको दशांश सुसमाचारको कामको निम्ति वा पत्रिका सेवकाइको निम्ति वा मिसनरी सेवा कार्यको निम्ति हुनुहुँदैन । कुनै क्षेत्रमा क्याम्पिङ गरिरहेका केही प्रचारकहरूले गरेका काम, सेमिनार संचालन गरिरहनको निम्ति यो हुनुहुँदैन । यो तपाईंको मण्डलीको हो, जहाँ तपाईं सदस्य हुनुहुन्छ। मण्डलीले यसलाई आफ्नो सेवकाइको निम्ति प्रयोग गर्न सक्छ र यो गरिबको निम्ति खर्च गरिन सकछ वा परमेश्वरको सेवकाइको अन्य क्षेत्रमा भएका आवश्यकताको निम्ति प्रयोग गरिन सक्छ ।

मण्डली खोज्नु तपाईंको निम्ति सबैभन्दा महत्वपूर्ण कुरा हो, जहाँ परमेश्वरको पैसा परमेश्वरको निम्ति खर्च हुन्छ र त्यो मण्डलीको सदस्य हुनुहोस्। तपाईंको मण्डलीको ढुकुटीमा तपाईंको आम्दानीको दशौं भाग ल्याउन बाइबलले तपाईंलाई बताउँछ । यो रकम खर्च गर्न विश्वासीहरूमा कुनै पनि अधिकार छैन । विश्वासीहरूका निम्ति दशांश छुने र यताउताका मानिसहरूलाई दिने कुनै अधिकार छैन ।

मण्डलीको ढुकुटीमा तपाईंको दशांश ल्याउनुहोस्। उहाँले स्वर्गको ढोका खोल्नुहुनेछ र तपाईंको निम्ति यस्तो आशिष् खन्याउनुहुनेछ भनेर उहाँलाई जाँच गर्न परमप्रभुले भन्नुहुन्छ, हामीले परमेश्वरको पदबाट एउटै शब्द पनि परिवर्तन गर्नुहुँदैन । मेरो आम्दानीको दशौं भाग दिएर आशिषित भएको व्यक्ति म हुँ । कहिलेकाहीँ, हामीले थोरै आम्दानी पाउँछौं, हामीले दशांश दिन्छौं। तर जब हाम्रो आम्दानी वृद्धि हुन्छ, दशांश दिन केही कठिनाइ हुनेछ। जब तपाईंको आम्दानी रु. १०० हुन्छ, तपाईंले दशांशको रूपमा दश रुपैया दिन सक्नुहुन्छ, जब रु. १००० हुन्छ, एक सय रुपैया दिन सम्भव हुन्छ। तर तपाईंको आम्दानी १०००० रुपैया हुन्छ भने रु. १००० दशांशको रूपमा दिन सजिलो हुँदैन। जब परमप्रभुले हामीलाई धेरैभन्दा धेरै आशिष् दिनुहुन्छ र हामी दशांश दिनमा विश्वासयोग्य हुन्छौं भने, परमप्रभुले हामीलाई प्रशस्त मात्रामा आशिष् दिनुहुनेछ ।

## SPECIAL ANNOUNCEMENT

### We Need Honorary Representatives!

Of late, we find that the number of readers of **Echo of His Call** magazine printed in Sinhala, Nepali, Urdu and Afrikaans languages has considerably reduced. This may be due to the loss of our old friends and the probable relocation of their domicile. We have been thinking of ways and means to strengthen the number of readers.

As a measure of effort, we solicit Honorary Representatives from our readers of Nepali, Urdu, Sinhala and Afrikaans to

(i) Enroll more and more readers for the magazines in their respective languages.
(ii) To come forward to print more copies and dispatch to the readers in their respective countries / areas and
(iii) Help us by raising some Honorary Representatives to provide new addresses and to promote the distribution by taking photo copies and sending them to family and friends.

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

जब तपाईंले आफ्नो मण्डलीलाई दशांश दिनुहुन्छ, प्रभुले स्वर्गको झ्याल तपाईंको निम्ति खोल्नुहुनेछ र उहाँको आशिष् वर्षाउनुहुनेछ। यो अत्यन्तै ठूलो रहस्य हो। धेरै जना यसको बारेमा अनजान छन्। तपाईंले यो गर्नुहोस् र के हुन्छ भनेर हेर्नुहोस्। विजय तपाईंकै हुनेछ।

************

## OUR BANK DETAILS:

### 1. Bank : State Bank of India

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### 2. Bank : ICICI Bank

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### 3. Bank : State Bank of India

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th FEBRUARY 2023**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

## JESUS LOVES YOU!

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**